# प्रदेश श्रम सल्लाहकार परिषद् गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना**ः प्रदेशभित्र श्रम ऐन, २०७४ लाई सहजरुपमा कार्यान्वयन गर्ने, श्रम मैत्री वातावरण बनाउने, श्रमिकको हक अधिकार, सामूहिक सौदाबाजी, कार्यस्थल सुरक्षा लगायत विषयमा प्रदेश सरकार र श्रमिकको सुमधुर सम्बन्ध कायम गर्दै श्रम नीति निर्माणका लागि प्रदेश सरकारलाई सहयोग गर्न प्रदेश श्रम सल्लाहकार परिषद् गठन गर्न वाञ्छनीय भएकोले,

श्रम ऐन, २०७४ को दफा १०५क. को बमोजिम कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश श्रम सल्लाहकार परिषद् गठन तथा सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"अध्यक्ष"** भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) **"ऐन"** भन्नाले श्रम ऐन, २०७४ सम्झनु पर्छ।

(ग) **"परिषद्"** भन्नाले दफा ३ बमोजिम गठन भएको प्रदेश श्रम सल्लाहकार परिषद् सम्झनु पर्छ।

(घ) **"प्रदेश"** भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(ग) **"प्रदेश सरकार"** भन्नाले कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद् सम्झनु पर्छ।

(घ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

## परिच्छेद-२
## परिषद् सम्बन्धी व्यवस्था

३. **परिषद् गठन सम्बन्धी व्यवस्थाः** (१) प्रदेशभित्र श्रम सम्बन्धी कामलाई व्यवस्थित गर्न एक प्रदेश श्रम सल्लाहकार परिषद्को गठन गरिएको छ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन्ः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | - अध्यक्ष |
| (ख) | सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ग) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (घ) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य |
| (ङ) | सचिव, उद्योग, पर्यटन, वन पर्यटन तथा वातावरण मन्त्रालय | - सदस्य |
| (च) | सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| (छ) | सचिव, जलस्रोत तथा उर्जा विकास मन्त्रालय | -सदस्य |
| (ज) | सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (झ) | सचिव, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | -सदस्य |
| (ञ) | सदस्य, प्रदेश योजना आयोग (श्रम हेर्ने) | - सदस्य |
| (ट) | प्रदेशका रोजगारदाताहरुमध्येबाट मन्त्रालयले मनोनयन | |

गरेका कम्तीमा दुईजना महिला सहित चार जना -सदस्य

(ठ) प्रदेश ट्रेड युनियन संघहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेका कम्तीमा दुई जना महिला सहित चार जना - सदस्य

(ड) महाशाखा प्रमुख, श्रम सम्बन्धी विषय हेर्ने, मन्त्रालय - सदस्य -सचिव

(३) उपदफा (२) को खण्ड (ट) र (ठ) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजहरुलाई पुनः मनोनयन गर्न सकिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले पदीय जिम्मेवारी इमान्दारीपूर्वक पुरा नगरेमा निजलाई जुनसुकै बखत हटाउन सकिनेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(५) उपदफा (२) को खण्ड (ट) र (ठ) बमोजिमका सदस्यको मनोनयन गर्दा रोजगारदाताको हकमा रोजगारदाताको प्रदेशस्तरीय संगठन र ट्रेड युनियन संघको हकमा प्रदेशस्तरीय संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको सिफारिसमा गर्नु पर्नेछ।

४. **परिषद्का सदस्यको पद रिक्त हुन सक्नेः** (१) दफा ३ को उपदफा (२) को खण्ड (ट) र (ठ) बमोजिमका सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछः-

(क) निजले अध्यक्ष मार्फत मन्त्रालय समक्ष लिखित रुपमा राजिनामा दिएमा,

(ख) निज बिना सूचना लगातार तीन पटकसम्म परिषद्को बैठकमा अनुपस्थित भएमा,

(ग) निजको कार्यकाल समाप्त भएमा,

(घ) मन्त्रालयले सदस्यबाट हटाएमा,

(ङ) निजको मृत्यु भएमा।

(२) उपदफा (१) बमोजिम परिषद्को सदस्य पद रिक्त भएमा त्यस्तो पदमा अर्को व्यक्तिलाई सदस्य मनोनयन गर्दा जुन क्षेत्र र प्रक्रियाबाट त्यस्तो सदस्य मनोनयन गरिएको हो सोही क्षेत्र र प्रक्रिया अपनाई बाँकी कार्यकालका लागि मनोनयन गर्नु पर्नेछ।

५. **परिषद्को बैठक सम्बन्धी कार्यविधिः** (१) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को सदस्य-सचिवले परिषद्को बैठकमा छलफल हुने विषय सहितको सूचना परिषद्को बैठक बस्नुभन्दा पाँच दिन अगावै परिषद्का सदस्यलाई दिनु पर्नेछ।

(४) परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितमा परिषद्का सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले परिषद्को बैठकको अध्यक्षता गर्नेछ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) परिषद्को निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) परिषद्ले आफ्नो बैठकमा श्रम सम्बन्धी विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. **<u>परिषद्को काम, कर्तव्य र अधिकार</u>**: (१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशमा दीर्घकालिन श्रम नीति तर्जुमा गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) प्रदेश श्रम नीति सम्बन्धमा प्रदेश सरकारलाई राय सुझाव दिने,

(ग) प्रदेश श्रम सम्बन्धी कानूनलाई समसामयिक सुधार गर्न प्रदेश सरकारलाई आवश्यक राय सुझाव दिने,

(घ) प्रदेशमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी मापदण्ड तयार गरी प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ङ) प्रदेशमा उचित श्रम अभ्यास सम्बन्धी संहिता तयार गरी प्रदेश सरकारलाई सिफारिस गर्ने,

(च) औद्योगिक शान्ति तथा असल औद्योगिक सम्बन्ध कायम गर्न र श्रम विवाद न्यूनीकरण गर्न प्रदेश सरकार, रोजगारदाता तथा ट्रेड युनियनसँग आवश्यक समन्वय गर्ने,

(छ) रोजगारी तथा उत्पादकत्व बृद्धी गर्न प्रदेश सरकार, रोजगारदाता तथा ट्रेड युनियनसँग आवश्यक समन्वय गर्ने,

(ज) आवश्यकता अनुसार प्रदेशमा सामूहिक सौदाबाजीका सम्बन्धमा मन्त्रालयलाई राय सुझाव दिने,

(झ) प्रदेशभित्र विषयगत मन्त्रालय अन्तर्गतका आयोजनामा खटिएका श्रमिकको अवस्थाबारे जानकारी लिने,

(ञ) श्रम तथा रोजगार सम्बन्धी अन्य कार्य गर्ने।

(२) परिषद्को सचिवालय मन्त्रालयमा रहनेछ र सचिवालयको काम मन्त्रालयको श्रम सम्बन्धी विषय हेर्ने महाशाखाले गर्नेछ।

## परिच्छेद-३
## <u>विविध</u>

७. **<u>बैठक भत्ता</u>**: (१) परिषद्का सदस्यले परिषद्को बैठकमा भाग लिए बापत प्रदेश सरकारबाट स्वीकृत प्रचलित खर्च मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

(२) परिषद्को सचिवालय खर्च तथा बैठक भत्ता बापतको खर्च मन्त्रालयको स्वीकृत वार्षिक बजेटबाट व्यहोरिनेछ।

८. **<u>वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने</u>**: परिषद्ले वर्षभरिमा आफूले गरेको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

९. **<u>अधिकार प्रत्यायोजन</u>**: परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार परिषद्को अध्यक्ष, सदस्य, सदस्य-सचिव वा प्रदेश सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१०. **<u>निर्देशन दिन सक्ने</u>**: प्रदेश सरकारले परिषद्को काम कारबाहीका सम्बन्धमा परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ।

११. **कार्यदल गठन गर्न सक्ने**: (१) परिषद्ले कुनै खास विषयको अध्ययन, श्रम तथा श्रमिकका सम्बन्धमा भएका कुनै घटना र यस्तै प्रकृतिका अन्य कार्यका लागि परिषद्को सदस्य र विज्ञ संलग्न कार्यदल गठन गर्न गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यदलले आफूले गरेका कामको प्रतिवेदन परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन पेश गरेपछि उपदफा (१) बमोजिम गठन भएको कार्यदल स्वतः विघटन हुनेछ।

१२. **प्रदेश सरकारसँग सम्पर्क**: परिषद्ले प्रदेश सरकारसँग सम्पर्क गर्दा मन्त्रालय मार्फत गर्नु पर्नेछ।

१३. **कार्यविधिमा संशोधन वा हेरफेर**: प्रदेश सरकारले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।